राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
▸सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ७, भदौ १८ गते शुक्रबार, २०७८ (03 September, 2021) | www.janajibro.com | मूल्य रू. १०।-

# पार्टी दुई फ्याक, लफडा यथावत

■ जनजिब्रो संवाददाता

**काठमाडौं, १७ भदौ ।** निकै लामो आरोप-पत्यारोप, घात-प्रतिघात र अन्तर्कलह-पछि १५ दिन अघिदेखि एमालेका तीन शीर्ष नेतासहित माथिदेखि तलसम्मको दुई कित्ता आ-आफ्नो बाटो पक्रेर दुईतिर लागिसकेका छन् । पार्टी दुई फ्याक भइसक्दा पनि एमालेभित्रको लफडा, गालीगलौच र झैझगडा भने भने यथावत नै छ । माधवकुमार नेपाल-झलनाथ खनाल पक्ष नेकपा (एकीकृत समाजवादी) र खड्गप्रसाद ओली समूह नेकपा (एमाले) का रूपमा विधिवत्‌रूपले अस्तित्वमा आइसक्दा समेत दुई पक्षबीचको अन्तर्कलह टुङ्गिनुको सट्टा झनै बल्झिएको देखिँदै छ ।



पार्टी विभाजनको अन्तिम तयारी भैसकेका बेला कुनै संवैधानिक एवम् कानुनी तथा राजनीतिक आधारविनै ओली समूहले केवल पूर्वाग्रहकै भरमा दूराशयपूर्ण किसिमले जननिर्वाचित १४ जना संघीय सांसद्‌लाई पार्टी सदस्यतासहित संसद्‌बाट समेत निष्काशित गर्नुपर्ने व्यहोराको पत्र १ भदौमा संसद् सचिवालयमा दर्ता गराएको थियो । 'ह्वीप' उल्लङ्घनको असान्दर्भिक र नक्कली व्यहोरा, केन्द्रीय कमिटी बैठकको निर्णयसम्बन्धी किर्ते विवरण, मिति केरमेट गरिएको मान्युटको फोटोकपी, लामो समयदेखिको अस्वस्थ झमेला र विभाजोन्मुख परिस्थिति, ओलीले पटक-पटक गरेका असंवैधानिक एवम् गैरकानुनी हर्कतहरू, आफ्नै पार्टीभित्र निरन्तर गरिरहेको अत्याचारपूर्ण व्यवहार आदि परिवेशको पृष्ठभूमि र आधारहरूलाई हेर्दा १४ सांसद् निष्काशित हुने कुनै सम्भावना नै थिएन । त्यसो हुनै सक्दैनथ्यो र अन्ततः भएन पनि ।

चलिरहेको संसद्‌को अधिवेशन अकस्मात अन्त्य गरेर भोलिपल्टै अध्यादेश जारी गर्ने अराजनीतिक अभ्यासलाई समेत उनै खड्ग ओलीले पटक-पटक प्रयोग गरेर 'संस्थागत' नै गरिसकेका थिए । जो-जसले गरे तापनि यसो गर्नु वास्तवमा 'संसदीय मूल्य' को सिधै प्रतिकूल हो भन्नेमा कुनै विमति छैन । तर, ओलीले विगतमा पटक-पटक गरेका त्यस्ता हर्कतहरूको दाँजोमा पछिल्लो



पटक देउवा सरकारले दोहोर्‍याएको सोही प्रवृत्तिलाई निरन्तर नदोहोर्‍याउने हो भने अन्योलग्रस्त राजनीतिक झमेलाबाट राष्ट्रलाई निकास दिलाउने उद्देश्यका हिसाबले हेर्दा परिस्थितिजन्य बाध्यता मान्नुपर्छ । सबै झ्याढोका थुनेर खड्ग ओलीले झलनाथ खनाल-माधवकुमार नेपालहरूलाई निरन्तर चुटिरहने तर ढोका फोडी बाहिर निस्कैरै भए पनि उनीहरूले 'आत्मरक्षा' गर्न नपाउने/नसक्ने हो भने त्योभन्दा ठूलो अन्याय, अत्याचार र बर्बरता केही हुन सक्दैनथ्यो । यो स्थितिमा क्रमभङ्ग वर्तमान राजनीतिको अपरिहार्यता थियो । राजनीतिक दलसम्बन्धी ऐन संशोधन गर्न पछिल्लो पटक जारी अध्यादेशलाई यसै सन्दर्भमा हेरिएको छ/हेरिनुपर्छ ।

उनै ओलीले सिधै संविधानको मूल मर्ममाथि नै प्रहार गरेर जारी गरेको अध्यादेशका भरमा संसदीय सुनुवाइविनै संवैधानिक निकायहरूमा ५२ पदाधिकारीहरू नियुक्त भएका थिए । तिनैमध्येका दुई आयुक्तसहित ओलीप्रति व्यवहारतः 'लोयल्टी' दर्शाएका निर्वाचन आयोगका प्रमुख आयुक्तको अकर्मण्यताकै कारण राष्ट्रले निकै ठूलो क्षति

| क्रमशः अन्तिम पृष्ठमा |

## संवैधानिक परिषद् मुद्दामा 'यु-टर्न'

### प्रन्याविनाको संवैधानिक इजलास बस्नै नमिल्ने !

जनजिब्रो संवाददाता

**काठमाडौं, १७ भदौ ।** सर्वोच्च अदालतमा विचाराधीन करिव आठ महिना लामो संवैधानिक परिषद्‌सम्बन्धी मुद्दा थप गिजोलिँदै गएको छ । यसअघि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा 'बिदामा बसेर' सुनुवाई गर्ने गरी तय भएको संवैधानिक इजलासको सुनुवाईसम्बन्धी प्रकरण सर्वोच्च अदालतकै बिहीबारको अर्को निर्णयले अन्योलमा फसेको छ ।



संविधानले नै व्यवस्था गरेवमोजिम संवैधानिक परिषद्‌सम्बन्धी ऐनले प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, उपसभामुख, प्रमुख प्रतिपक्षी दलका नेता र प्रधानन्यायाधीश गरी छ जना सदस्य रहने र सबै निर्णयहरू सर्वसम्मतिमा हुनुपर्ने व्यवस्था गरेको छ । संविधानकै मर्मविपरीत ओली सरकारले ल्याएको अध्यादेशमार्फत बहुमत सदस्य उपस्थित भए बैठक बस्न सक्ने र बैठकको बहुमतले निर्णय लिन सक्ने गरी उक्त ऐन संशोधनलाई संशोधन गरिएको थियो । सोही अध्यादेशअनुरूप तत्कालीन प्रधानमन्त्री ओली, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा गरी तीन जना मात्रै बसेर विभिन्न महत्त्वपूर्ण संवैधानिक निकायमा ५२ जना पदाधिकारी नियुक्त गरिएका थिए । संवैधानिक निकायमा त्यसरी नियुक्त हुने पदाधिकारीहरू संसदीय सुनाइबाट 'उत्तीर्ण' भएपछि मात्रै नियुक्त हुन सक्ने संविधानको मर्म र ऐनको प्रावधान छ । र, ओलीले

| क्रमशः अन्तिम पृष्ठमा |

## महाधिवेशनमा होमियो काङ्ग्रेस

### देउवाविरुद्ध सभापतिका साझा उम्मेदवार, महामन्त्रीमा गगन !

जनजिब्रो संवाददाता

**काठमाडौं, १७ भदौ ।** मुलुकको जेठो राजनीतिक दल नेपाली काङ्ग्रेस चौधौं महाधिवेशनमा होमिएको छ । पार्टीको विधान र मुलुकको कानुनअनुसार डेढ वर्षअघि नै भइसक्नु पर्ने काङ्ग्रेसको महाधिवेशन पटक-पटक मिति घोषणा हुँदै र पछि सर्दै आएको छ । अब पनि तोकिएकै मितिमा हुने-नहुने अन्योलकै बीच ९-१३ मङ्सिरमा काठमाडौंमा हुने गरी काङ्ग्रेसले पछिल्लो पटक घोषणा गरेको मितिमा भने महाधिवेशन सम्पन्न हुने अपेक्षा धेरैले गरेका छन् ।

निर्धारित कार्यतालिकाअनुसार शुक्रबार देशभरका सबैजसो वडाहरूमा एकैसाथ वडा अधिवेशन सम्पन्न हुने भएको छ । यद्यपि देशभरका सबै वडामा भने शुक्रबार अधिवेशन नहुने भएको छ । क्रियाशील सदस्यताको विवाद टुङ्गिएका जिल्लाका वडाहरूमा शुक्रबार र क्रमशः विवाद टुङ्गिँदै जाने जिल्लाहरूका वडामा आ-आफ्नै अनुकूलताअनुरूप वडा अधिवेशनको मिति तोक्ने अधिकार तत्-तत्



समय-सन्देश

| क्रमशः अन्तिम पृष्ठमा |

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क-७, भदौ १८ गते शुक्रबार, २०७८

**सम्पादकीय**

# राजनीतिक शब्द बोल, समाज प्रदूषित नपार !

समाजको अगुवा, शासक-प्रशासक, 'ठूलाबडा', कलाकार, साहित्यकार, लेखक इत्यादिबाट नागरिकले सधैं राम्रो सन्देश, असल संस्कार र मर्यादित व्यवहारको अपेक्षा गर्दछन्। जनताले सभ्यता, संस्कार र संस्कृति सिक्ने पनि उनैबाट हो।

तर, विडम्बना ! हाम्रो समाज/राष्ट्रका राजनीतिकर्मी यति असभ्य, अशिष्ट, असहिष्णु र कुसंस्कारी देखिएका छन् कि तिनका नाम लिन र उनका अभिव्यक्ति उद्धृत गर्न समेत अप्ठ्यारो मान्नुपर्ने भएको छ। दशकौंसम्म आफैंलाई नेतृत्व गरेका आफ्नै अग्रजहरूविरुद्ध 'गद्दार', 'राष्ट्रघाती', अर्काको 'नोकर', 'पाउ मोल्ने', 'खुट्टामा तेल घस्ने' र 'मालिस गरिदिने' आदिजस्ता छुद्र र अभद्र शब्दहरू पटक-पटक राष्ट्रको प्रमुख कार्यकारी बागडोर सम्हालिसकेका व्यक्तिबाट निरन्तर ओइरो लागिरहेका छन्। गरिब जनताले आफ्ना बालबच्चाको गाँस कटाएर तिरेको करबाट तलब-भत्ता र सुविधा खाने अनि आफूलाई 'राजनेता' समेत भनाउनेहरूबाट जोसुकैलाई भए पनि यस्ता असभ्य, अश्लील र अराजक अभिव्यक्ति आउनु राष्ट्र र जनताविरुद्धको बेइमानी हो; अक्षम्य अपराध समेत हो। किनकि, उनलाई 'आदर्श' मान्नेहरूले उनीबाट यही सिक्छन् अनि राष्ट्र, समाज र सभ्यतालाई युगौंयुगसम्म यही शैलीबाट प्रदूषित गराइरहन्छन्।

अतः ओहोदामा पुगेका, पुगेर गिरेका, पुग्न लागेका जोसुकैलाई मनपरी बोल्ने र जथाभावी गर्ने छुट किमार्थ छैन। किनभने, राष्ट्र र समाज तिनको बिर्ता होइन; यो त तीन करोडभन्दा बेसी नेपालीको साझा राष्ट्र, भूमि, समाज र निधि हो। सिङ्गै समाज, संस्कृति र सभ्यतालाई सङ्क्रमित तुल्याउने हक कसैलाई पनि छैन। मन परेकाको प्रसंसा गर, नपरेकाको आलोचना र विरोध गर- त्यो तिम्रो मामिला हो। तर, राजनीतिक भाषा बोल, सभ्य र मर्यादित बन; राष्ट्र र समाजमा 'म मात्रै छु' भन्ने भ्रमबाट मुक्त भएर 'अरु पनि छन् है' भन्ने हेक्का राख !

# बीपीको जीवन खुला किताबको पन्नाजस्तै



**संस्मरण-अनुभूति**
**कृष्ण केसी**

बीपीको पाँच वर्षे जेल जर्नल आज पढिसिध्याएँ। २०१७ फागुन ४ गतेदेखि सुरु भएको जेन कला, २०२१ पुसमा पुगेर टुंगिएको छ। बीपीको ५ वर्ष कठोर काराबासको वृतान्त मैले ३ दिनमा पढेर सकें। आजसम्म मैले धेरै नै किताब पढें हुँला। त्यसको लेखाजोखा गरेको छैन। स्कुल-कलेज पनि वर्षौं पढें। तर पनि दिनमा एउटा किताबबाट मैले जुन ज्ञान हासिल गरें र शिक्षा पाएँ, सायद बाँकी सबै किताबबाट यति ज्ञान पाउन सकेको थिइनँ। ३० वर्ष काटिसकेछु तीस वर्षसम्मको लामो अध्ययनबाट हासिल गर्न नसकेको शिक्षा मैले तीन दिनमा बीपीको जेलजर्नल बढेर पाएँ। बीपीलाई मैले जीवित अवस्थामा देख्न पाइनँ। बीपीको बारेमा सानैदेखि सुनेको थिएँ, पछि उहाँका किर्तिहरू पढें, फाटफुट उहाँको जीवनी, व्यक्तित्व, चरित्र र आदर्शका बारेमा बीपीसँग निर्वासनमा बस्ने मानिसहरूबाट जान्ने अवसर पनि पाएको थिएँ।

बीपीका आलोचक र विरोधीहरूका विचारहरू म खुब सुन्न मन पराउँथे र नेपाली काङ्ग्रेसको नीति र इतिहासको बारेमा भेट्टाएसम्मका पुस्तकहरू पढ्थें। नेकाको वैचारिक आधार सांगठनिक जग र राजनीतिक यात्राको सम्पूर्ण इतिहासको मुख्य भूमिकाको बारेमा ममा हिजोदेखि नै भ्रम थिएन, त्यो सबै बीपीको देन हो। काङ्ग्रेसको विरोध गर्दा बीपीको विरोध नगरी सुखै नहुने। त्यसकारण म पनि

**नेकांको वैचारिक आधार, सांगठनिक जग र राजनीतिक यात्राको सम्पूर्ण इतिहासको मुख्य भूमिकाको बारेमा ममा हिजोदेखि नै भ्रम थिएन, त्यो सबै बीपीको देन हो। काङ्ग्रेसको विरोध गर्दा बीपीको विरोध नगरी सुखै नहुने। त्यसकारण म पनि बीपीको सानैदेखि जानीनजानी विरोध गर्थें। स्कुलदेखिको वामपन्थी प्रभाव, कलेज गएपछि अरु गहिरो र व्यापक बन्दै गयो। बीपीसँगको मतभेद पनि त्यही अनुपातमा बढ्दै गयो।**

**नेकां सत्तामा गएपछि त्यसका नेताहरूको जनविरोधी क्रियाकलापको म कट्टर विरोधी थिएँ। नेविसंघका मित्रहरूसँग बहस, विवाद र झडपहरू गर्न म निकै अग्रसर हुन्थें। उनीहरूको बीपीलाई बीचमा ल्याएर तेर्स्याउँथें, नेकांको जनघात र राष्ट्रघातका अनगिन्ती दृष्टान्तहरू छन्, जसलाई न लुकाउन सकिन्छ न बिर्सन र बेवास्ता गर्न।**

बीपीको सानैदेखि जानीनजानी विरोध गर्थें। स्कुलदेखिको वामपन्थी प्रभाव, कलेज गएपछि बरु गहिरो र व्यापक बन्दै गयो। बीपीसँगको मतभेद पनि त्यही अनुपातमा बढ्दै गयो। नेका सत्तामा गएपछि त्यसका नेताहरूको जनविरोधी क्रियाकलापको म कट्टर विरोधी थिएँ। नेविसंघको मित्रहरूसँगको बहस, विवाद र झडपहरू गर्न म निकै अग्रसर हुन्थें। उनीहरूको बीपीलाई बीचमा ल्याएर तेर्स्याउँथें, नेकाको जनघात र राष्ट्रघातका अनगिन्ती दृष्टान्तहरू छन्, जसलाई न लुकाउन सकिन्छ न बिर्सन र बेवास्ता गर्न। संघर्ष, आन्दोलन र विद्रोहहरू नेका सत्तामा गएपछि पनि भन् पेचिला बन्दै गए, त्यहाँ पनि काङ्ग्रेसहरू बीपीलाई जर्बजस्ती खडा गर्थे। बहुदल आएपछिका यी १५ वर्षमा सबैभन्दा बढी समय नेकाले शासन गऱ्यो र त्यसमा पनि गिरिजाले नै नेतृत्व गरे। आफ्ना सबै असक्षमता र कमजोरीहरूलाई छोप्न र आफूलाई चेख्याउन सत्ताधारी काङ्ग्रेसहरूले बीपीलाई भजाए।

यस्तै अनगिन्ती कारणहरूले मेरो बीपीसँग दुरी बढ्यो, म बीपीसँग धेरै टाढा भएँ। बीपीले अघि सारेको राजनीति विचार, उनले गरेको साहित्य सिर्जना, उनले प्रजातान्त्रिक आन्दोलनमा खेलेको ऐतिहासिक भूमिकाको बारेमा अध्ययन गर्ने, रुचि ममा बढेर गयो। काङ्ग्रेसको नाम लिँदा रिस उठ्न थालेपछि त्यस्ता संस्थापक नेताप्रति सकारात्मक धारणा बन्ने कुरै भएन। तैपनि मैले बीपीलाई भित्री हृदयदेखि श्रद्धा र सम्मान गर्थें तर बाहिर देखाउन लाज लाग्थ्यो। पछिल्लो चरणमा गिरिजा र देउवा जसरी जनदमनमा ओर्लिए र राजालाई बजाउन नरसंहारको बाटो रोजे त्यो ज्यादै दुःखदायी पाटो हो नेकाको निम्ति। एकजना चिनियाँकाजी मारिँदा राजिनामा दिने बीपीका भाइ र चेलाहरूले प्रजातन्त्रको नाममा हजारौं मान्छे मारे। विसं २००७ साल र ०१३ सालमा ३ पटक हतियार उठाएको नेकाले आफ्नै इतिहासमा कालो पोल्दै शाही सत्ताको विरोधमा उठेको विद्रोहलाई दबाउन सेना परिचालन गऱ्यो रहेको गौरवपूर्ण इतिहासको खिलापमा खडा भयो र बीपीले घोर अपमान गर्न थाल्यो। यसले हामीजस्ता नयाँ पिँढीका राजनीति कर्मीलाई ज्यादै मर्माहत बनायो। नेकासँग नलडी अगाडि बढ्नै नसक्ने स्थिति पैद भयो र नेका क्रान्तिको बाधक बनेर खडा भयो। अहिले स्थिति फेरिएको छ। अनेक चक्कर काट्दै माघ १९ पछि पुनः ०१७ साल दोहोरिएको छ। बीपीलाई कमसेकम राजबन्दीको दर्जा दिएर महेन्द्रले थुनेका थिए। तर बीपीकै चेला शेरबहादुरलाई भ्रष्टाचारको आरोप लगाएर महेन्द्रका माइला छोरा ज्ञानेन्द्रले कष्टडीमा कोचेका छन्। केही दिनको नजरबन्द पछि गिरिजा छुटेका छन् तर नेकाकै सयौं नेता-कार्यकर्ता कैदमा छन्। अन्य वामपन्थीहरूलाई बाँकी राख्ने कुनै भएन। बीपीले यी सबै कुरा भोगेका छन्।

सारमा तरबार र दरबारको विश्वास हुँदैन, दरबारको तरबार सेना हो, राजको हातमा सेना दिनु ठूलो गल्ती थियो। राजाको हातमा सेना रहुन्जेल प्रजातन्त्र कहिले पनि सुरक्षित हुँदैन भन्ने बीपीले पटक-पटक दोहोऱ्याउनु भएको छ। राज्यसत्ताको मामिलामा बीपीको स्पष्ट दृष्टिकोण छ, यो जेलजर्नल पढ्दा बीपीलाई राम्रोसँग बुझ्न सकिन्छ। वास्तवमा बीपीको जीवन खुला किताबको पन्ना जस्तै रहेछ। ऐना हेरेझैं छर्लङ्ग भयो बीपीको बारेमा। अब म भ्रममा छैन। आत्मवृतान्त ३ वर्ष पहिले पढेको थिएँ, फेरि एक पटक दोहोऱ्याएर पढें। म यो जेलजर्नल पढेपछि ज्यादै उत्साही र आशावादी बनेको छु। अब मैले ०४२ सालपूर्वका सम्पूर्ण संघर्ष आन्दोलन र विद्रोहको बारेमा फेरि एक पटक जनयुद्धको आलोकबाट बीपीका विचार र मान्यता समेतलाई माध्यनजर राख्दै लेख्नेछु।

बीपीलाई आजका काङ्ग्रेसहरूले सम्पूर्ण रूपमा बिर्सिएका रहेछन्। वास्तवमा बीपीले घोषणा गरेको राष्ट्रिय मेलमिलाप सामन्ती दरबारसँग आत्मसमर्पण थिएन, एउटा अस्थायी राजनीतिक सम्झौता थियो। तत्कालका लागि युद्धविराम मात्र थियो। एकपक्षीय युद्धविराम जसलाई दरबारले उति बेलै लत्याइदियो र २०४६ सालमा गरेको सम्झौतालाई पनि दरबारले एकपक्षीय रूपमा तोड्यो। यतिबेला गिरिजाका ठाउँमा बीपी भएका भए मुलुकले कोल्टे फेर्ने सम्भावना थियो। हेरौं नेकाले अब कुन बाटो रोज्छ ? वास्तवमा इतिहासले बीपीको पार्टीलाई फेरि एक पटक नयाँ अवसर दिएको छ। अहिले चुक्यो भने इतिहासको पानामा थन्किने निश्चित छ।

*(क्रान्तिकारीका आस्था र गाथाहरू भाग- १ बाट)*

**डिभिजन सडक कार्यालय, भक्तपुरको अनुरोध !**

सडक हामी सबैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**डिभिजन सडक कार्यालय**
भक्तपुर

# ‘आँखाबाट आँसु होइन, माया बग्दो रैछ...’



धरोहर-इतिहास
**केदारनाथ गौतम**

**मृत्यु पनि मान्छेपिच्छे**
**फरक हुंदोरैछ**
**देशभक्त छोरो मर्दा**
**देशै रूँदोरैछ**
**आँखाबाट आँसु होइन,**
**माया बग्दोरैछ**
**शोकसँगै वेदनाको**
**हुरी चल्दोरैछ...**

३ जेठ, २०५० मा चितवनको दासढुङ्गामा नेकपा (एमाले) का तत्कालीन महासचिव मदनकुमार भण्डारी र सङ्गठन विभागका प्रमुख जीवराज आश्रितको ‘रहस्यमय’ निधन भएलगत्तै चर्चित बनेको गीतका पङ्क्ति हुन् यी। मदन-आश्रितकै सम्मान र सम्झनास्वरूप अनिल पौडेलको शब्दरचना र जेबी टुहुरेको सङ्गीतसिर्जना एवम् गायनमा चर्चित बनेको गीत हो यो।

यो गीत यसबेला भने उनै टुहुरेको सम्मान र सम्झनामा घन्किइरहेको छ सबैतिर। १५ कात्तिक, २००१ मा धरानको मधुमल्लामा जन्मिएका टुहुरेको १० भदौ, २०७८ मा काठमाडौंमा निधन भयो। परम्परागत ग्रामीण नेपाली समाजमा अघिल्लो सन्तानको बाल्यकालमै निधन भयो भने त्यसपछि जन्मेको सन्तानलाई जन्मनासाथ जुठो लगाइदिँदा वा जुठोमा फालिदिँदा उसको मृत्यु हुँदैन भन्ने मान्यता थियो। टुहुरे अघिका शिशुको निधन भएकाले उनी जन्मनासाथ जुठो लगाइयो र नाम नै ‘जुठबहादुर खड्गी’ राखियो। जुठबहादुर दस वर्षका हुँदा (२०११ सालमा) उनका बुबा कृष्णबहादुरको निधन भयो। त्यसपछि आफू टुहुरो भएको महसुस गरी उनले आफ्नो उपनाम ‘टुहुरे’ राखे। ‘जुठबहादुर’ को अङ्ग्रेजी-छोटकरीमा ‘जेबी’ अनि उपनाम ‘टुहुरे’ जोडिएर बनेको ‘जेबी टुहुरे’ नै उनको असली परिचय बन्न पुग्यो। अन्ततः यो नाम नेपाली प्रगतिशील आन्दोलन र गीत-सङ्गीतको क्षेत्रमा ऐतिहासिक रूपले सुपरिचित, स्थापित र सम्मानित बन्न पुग्यो।

साहित्य-कलाका चार विधा- ‘काव्य, आख्यान, नाटक र निबन्ध’ मध्ये ‘काव्य’ विधाअन्तर्गतको सर्वाधिक लोकप्रिय उपविधा हो ‘गीत’। लयात्मक एवम् गेयात्मक यस उपविधाअन्तर्गत पनि शब्दरचना, सङ्गीतसिर्जना, बाद्यवादन, गायन, नृत्य र अभिनयजस्ता विभिन्न तत्त्व एवम् चरणहरू हुन्छन्। टुहुरे यीमध्येका सबैजसो तत्त्वमा निपूण भए तापनि उनी मुख्यतः गायक, रचनाकार एवम् सङ्गीतकार थिए। उनले सयौं कालजयी गीतहरू रचना एवम् सङ्गीतसिर्जना गरेका छन्; गाएका छन्। टुहुले देश-विदेशका गाउँवस्ती र सहर-गल्ली घुमेर जनताका सामु दशकौंसम्म गाए; सयौं स्टेजमा प्रस्तुति दिए र आफ्नो आवाजमा करिव दुई सय गीतहरू रेकर्ड गराए।

सैद्धान्तिकरूपले गीतहरूलाई मूलतः दुई किसिममा वर्गीकरण गर्न सकिन्छ- सचेतनामूलक र व्यवसायमूलक। सचेतनामूलक गीतहरूलाई नेपालमा ‘जनवादी गीत’, ‘क्रान्तिकारी गीत’, ‘प्रगतिशील गीत’, ‘जागरण गीत’ आदिका रूपमा चिन्ने/बुझ्ने गरिएको छ। यी गीत अर्थोपार्जनको उद्देश्यले सिर्जना गरिँदैनन्, गाइँदैनन् र उत्पादन गरिँदैनन्। जनचेतना फैलाउनु, जनजागरण पैदा गर्नु वा नागरिकलाई सुसूचित गर्नु नै यी गीतहरूको एक मात्र उद्देश्य हुन्छ। जेबी टुहुरेकै सर्वाधिक चर्चित एवम् लोकप्रिय गीतका यी पङ्क्ति हेरौं-

**आमा, दिदी-बहिनी हो,**
**कति बस्छौ दासी भई,**
**सुखको सधैं प्यासी बनेर...**
**आफ्नै पौरख खान्छन्,**
**आफ्नै सिपमा बाँच्छन्,**
**दुःख-कष्ट सहेर**
**सृष्टि यिनले धान्छन्,**
**असल-महान् व्यक्तिहरू**
**यिनैले जन्माउँछन्,**
**ज्ञानगुन-बुद्धिहरू**
**यिनैले सिकाउँछन्,**
**तर पनि अँध्यारोमा**
**जीवन बिताउँछन्...**

पछिल्लो समय क्यासेट, सीडी, युट्युब आदिजस्ता माध्यमबाट प्रचारक-प्रवर्द्धकहरूले यी गीतहरूलाई समेत धेरथोर मात्रामा व्यवसायको माध्यम बनाएका छन्, यो अर्कै पक्ष हो। तर, प्रगतिशील गीतका सर्जक, गायक र मुख्य उत्पादकले यी गीतलाई आय-आर्जनको माध्यम ठान्दैनन्/बनाउँदैनन्। शिक्षा, स्वास्थ्य, सामाजिक सूचना आदिजस्ता विषयमा नागरिकलाई सूचित एवम् जागृत गराउने उद्देश्यका साथ तयार पारिएका गीति-सन्देशहरूलाई पनि अन्तर्वस्तुका हिसाबले यसै श्रेणीमा राख्न सकिन्छ। तर, त्यस्ता गीति-सन्देशको उत्पादन एवम् प्रशारणको सिलसिलामा खर्चिइने धनराशि, त्यसको स्रोत र त्यसमा हुने ‘चलखेल’ तथा ‘खेलो’ का कारण ती ‘सन्देश’ हरूलाई ‘जनवादी’ या ‘प्रगतिशील’ गीत मानिँदैन/मान्न सकिँदैन।

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी सिद्धान्तमा आधारित रहनु, शोषित-उत्पीडितको पक्षपोषण गर्नु, नारी-पुरुषबीच समानताको वकालत गर्नु, जातीय-क्षेत्रीय उत्पीडनको विरोध गर्दै समानता/समभावको सन्देश फैलाउनु, राजनीतिक-सामाजिक विकृति-विसङ्गति, भ्रष्टाचार-व्यभिचार, दूराचार-रुढीवाद र कुशासनविरुद्ध कठोर एवम् सम्झौताहीन सङ्घर्ष गर्नु नै ‘जनवादी’ वा ‘प्रगतिशील’ गीतहरूको मुख्य प्रवृत्ति हो। खुसिराम पाख्रिन, जेबी टुहुरे, जीवन शर्मालगायतले यही प्रवृत्ति अँगालेका छन्। टुहुरेकै अर्को गीतका यी पङ्क्ति हेरौं-

**बसाइँ हिंड्नेको ताँतीले**
**बस्नेको मन रूवाउँदछ**
**लाखौंका लागि उजाड छ यो देश**
**मुट्ठीभरलाई त स्वर्ग छ...**
**छोरा र छोरीको आँसु देख्दा**
**छाती पोलेर आउँदछ**
**साहुको ऋण सम्झँदा**
**मनमा डढेलो लाग्दछ...**
**हालत छ जुन तिम्रो स्वदेशमा,**
**त्यही छ हालत विदेशमा**
**कति छन् त्यहाँ मागेर हिंड्ने,**
**कति छन् त्यहाँ मस्तीमा...**

कला-साहित्य, गीत-सङ्गीत र मनोरञ्जनका नाममा पुँजीपतिहरूका नक्कली मालवस्तु र सेवाहरूको बिक्री बढाउने, गरिब जनता र श्रमिकहरूको हुर्मत लिने, नारी अस्मिताको धज्जी उडाएर महिलाहरूलाई व्यापारका माध्यम मात्र होइन, ‘वस्तु’ कै रूपमा बिक्री गर्ने, अशक्तहरूमाथि मजाक उडाउनेजस्ता दुष्कर्म नेपालमा र संसारभर नै जारी छन्। माथि चर्चा गरिएअनुरूपका ‘व्यवसायमूलक’ गीत भनेका यिनै हुन्। र, मुख्यतः सरकारी एवम् सबैजसो व्यावसायिक टेलिभिजन, रेडियो, अनलाइन एवम् पत्रपत्रिकाहरूले यस्तै/यिनै गीतहरूलाई मात्र स्थान र महत्त्व दिँदै आएका छन्। राज्य र समाज ‘प्रगतिशील’ वा ‘जनवादी’ छैन भन्ने सबभन्दा ठूलो प्रमाण नै यही हो।

पञ्चायती कालरात्रिको अँध्यारो युगभर जनताका घरदैलो चहारेर प्रगतिशील गीत गाउँदै ‘प्रजातन्त्र’, ‘लोकतन्त्र’ र ‘गणतन्त्र’ आइसक्दा समेत यस्तै स्थिति/परिवेश कायम रहँदा अविरामरूपले र अविचलित ढङ्गले जनताका गीत रच्ने र गाउने जेबी टुहुरेको निधनको घडीमा उनले दशकौं घन्काएका यी आवाजलाई राष्ट्र र जनताले दोहोऱ्याएर नघन्काउने हो भने त अज्ञानता, पूर्वाग्रह र कृतघ्नताबाहेक के नै पो हुन्छ र!

**आँखाबाट आँसु होइन,**
**माया बग्दोरैछ**
**शोकसँगै वेदनाको**
**हुरी चल्दोरैछ**
**देशभक्त छोरो मर्दा**
**देशै रूँदोरैछ...**

– ***होलिस्टिक***बाट




Why to choose us?

No Load Shading Problem
Sufficient Inverter System

24 Hrs. Internet Facilities

Well-equipped Computer Lab
with Desktop PCs and Laptops

Daily 2 Hrs. Shifts for
Morning, Day & Evening Time

Experienced Instructors

Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition



Govt. Regd.
No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021




# अमेरिकाको बहिर्गमन अफगानहरूका लागि 'ऐतिहासिक क्षण'

**– संक्षिप्त अन्तर्राष्ट्रिय –**

**एजेन्सी ।** अफगानिस्तानबाट अमेरिकी सेनाको प्रस्थान अफगानहरूका लागि 'ऐतिहासिक क्षण' भएको उल्लेख गर्दै तालिबान नेता जाबिहुल्लाह मुजाहिदले अफगानिस्तान अब 'स्वतन्त्र र सार्वभौम राष्ट्र' भएको घोषणा गरेका छन् ।

अफगानिस्तानमा उद्धार अभियानअन्तर्गत सुरक्षा खतरा रहेका अफगानी नागरिक, अमेरिकी तथा अन्य विदेशी सैनिक, कूटनीतिज्ञलगायत गरी १७ दिनभित्रमा १ लाख २० हजारभन्दा बढी व्यक्तिलाई उद्धार गरिएको अमेरिकी राष्ट्रपति जो बाइडेनले बताएका छन् । अफगानिस्तानबाट २० वर्षे अमेरिकी सैनिक उपस्थिति समाप्त भएपछि सञ्चारकर्मीसँगको प्रतिक्रियामा राष्ट्रपति बाइडेनले उक्त कुरा बताएका हुन् ।

तालिबान समूह र अमेरिकाबीच कतारमा भएको सम्झौताअनुरूप अमेरिकाले अगस्त ३१ भित्र नै अफगानिस्तान छाड्ने बताएको थियो । उनले भने- 'विगत १७ दिनदेखि हाम्रो फौजले अमेरिकी इतिहासमा सबैभन्दा ठूलो हवाई उद्धारकार्य सम्पन्न गरेको छ । यो अवधिमा १ लाख २० हजारभन्दा बढी अमेरिकी, हाम्रा सहयोगी राष्ट्रका नागरिक तथा अफगानिस्तान मिसनमा सघाउँदै आएका सहयोगीहरूलाई उद्धार गरेको देखिएको छ । अमेरिकी सैनिकले बेजोड साहस, व्यावसायिकता र कटिबद्धताका साथ यो कार्य सम्पन्न गरेका छन् ।'

'योसँगै अब अफगानिस्तानमा हाम्रो २० वर्षे सैन्य उपस्थिति समाप्त भएको छ'- अमेरिकी राष्ट्रपति बाइडेनले भने । अफगानिस्तानबाट अमेरिकी सेनाको बहिर्गमनबारे अमेरिकी जनतालाई थप जानकारी गराइने पनि उनले बताए ।

'यो अमेरिकी सैन्य प्रमुख तथा सबै अधिकारी र कार्यस्थलमा रहेका हाम्रा सबै कमान्डरहरूको सर्वसम्मत सिफारिस थियो ताकि योजनानुसार हाम्रो हवाई उद्धार सेवा अन्त्य भएको छ । सैन्य मिसन अन्त्य गर्नु हाम्रो फौजको जीवन जोगाउने सर्वोत्तम तरिका थियो भने हाम्रो बहिर्गनसँगै अफगानिस्तान छाड्न चाहने सर्वसाधारणहरूका लागि प्रस्थानको सम्भावना सुरक्षित राख्नु हाम्रो कर्तव्य थियो ।'

अमेरिकी सैनिक परिचालनको २० वर्षपछि पेन्टागनले पनि अफगानिस्तानबाट अमेरिकी फौज निकाल्ने काम पूरा भएको घोषणा गरेको थियो । 'म अफगानिस्तानबाट अमेरिकी फौज निकाल्ने र अमेरिकी नागरिक र अफगानीहरूलाई निकाल्ने सैन्य मिसनको अन्त्यको घोषणा गर्दछु,' अमेरिकी जनरल केनेथ एफ म्याककेन्जीले भनेका थिए ।

'मैले अफगानिस्तान छाड्न चाहने कुनै पनि अमेरिकी, अफगान साझेदार र विदेशी नागरिकहरूका लागि सुरक्षित मार्ग सुनिश्चित गर्न हाम्रा अन्तर्राष्ट्रिय साझेदारहरूसँग निरन्तर समन्वयको नेतृत्व गर्न विदेशमन्त्रीसँग आग्रह गरेको छु,' राष्ट्रपति बाइडेनले भनेका थिए- 'यसमा आजै पारित भएको यूएनएससी प्रस्तावना समावेश हुनेछ ।' तालिबानले आगामी सुरक्षित मार्गबारे प्रतिबद्धताहरू गरेको र विश्वले उनीहरूलाई आफ्ना प्रतिबद्धताहरू पूरा गर्न सम्झाइरहने अमेरिकी राष्ट्रपतिले बताएका थिए ।

'अफगानिस्तानमा चलिरहेको कूटनीतिक पहल जारी राख्न र त्यहाँका जनतालाई मानवीय सहायता नछाड्न वा वितरण गर्न चाहनेहरूका लागि निरन्तर प्रस्थान अनुमति दिन, विमानस्थल पुनः खोल्न र त्यस क्षेत्रका साझेदारहरूसँग समन्वय गर्न मेरो अनुरोध छ'- अमेरिकी राष्ट्रपतिको भनाइ थियो ।









# भन्सार विभाग त्रिपुरेश्वर काठमाडौं सूचना !

तपाईंले आयात-निर्यात गर्न लागेको सामानमा कति महसुल लाग्दछ ? कति छुट पाउनुहुन्छ वा आयात-निर्यात प्रतिबन्ध छ ? आदिजस्ता भन्सारसम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् । हामी तपाईंको जिज्ञासाको समाधान गर्ने प्रयास गर्ने छौं । आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर वा फोनमार्फत पनि सम्पर्क गर्न सक्नु हुनेछ ।

कार्यालय समयभित्र प्राप्त फोनको तत्काल जवाफ पाउन सक्नुहुनेछ भने कार्यालय समयअघि फोन गर्दा कुनै जिज्ञासा भएमा भन्न सक्नुहुनेछ । फोनमा रेकर्डिङ सिस्टम भएकाले कार्यालय खुलेपछि त्यसको जवाफ दिइनेछ ।

**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
फोन नं.: ०१-४२५९८६१, टोल फ्रि नं.: १६६००१२१२२३
इमेल: csd@customs.gov.np






# COVID-19 NOVEL CORONA VIRUS (nCOV)

## जनहितमा जारी जनचेतनामूलक सन्देश

### नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

### कसरी आफू र अरूलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

**चाँगुनारायण नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, वागमती प्रदेश, नेपाल



# COVID-19 NOVEL CORONA VIRUS (nCOV)

## जनहितमा जारी जनचेतनामूलक सन्देश

### नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

### कसरी आफू र अरूलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।



**गोकर्णेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, वागमती प्रदेश, नेपाल



# COVID-19 NOVEL CORONA VIRUS (nCOV)

## जनहितमा जारी जनचेतनामूलक सन्देश

### नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

### कसरी आफू र अरूलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।



**तारकेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, वागमती प्रदेश, नेपाल


नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वागमती प्रदेश, नेपाल

समृद्ध नागार्जुनको आधार, पर्यटनसहितको पूर्वाधार

# नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरू:

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

**मोहनबहादुर बस्नेत**
नगर प्रमुख

**एवं नागार्जुन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, काठमाडौं**

# डिभिजन सडक कार्यालय, ललितपुरको अनुरोध !

सडक हामी सबैको साझा सम्पत्ति हो । सडक निर्माणमा तपाईं हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## डिभिजन सडक कार्यालय

ललितपुर

# COVID-19 NOVEL CORONA VIRUS (nCOV)

## जनहितमा जारी जनचेतनामूलक सन्देश

### नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

### कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

**चन्द्रागिरि नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, वागमती प्रदेश, नेपाल

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितमा जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

**टोखा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, वागमती प्रदेश, नेपाल

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितमा जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

**बुढानिलकण्ठ नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, वागमती प्रदेश, नेपाल

## पार्टी दुई...

व्यहोर्नुपरेको र पछिल्लो राजनीतिक सङ्कट निम्तिएको कुरा कसैबाट छिपेको छैन। ओली सत्ताच्युत हुनै लागेका बेला महन्थ ठाकुर-राजेन्द्र महतो समूहप्रति निर्वाचन आयोगले दर्शाएको 'अस्वाभाविक लोयल्टी' र माधव नेपालहरूको पार्टी सनाखत गर्ने बेला कुनै कानुनी आधार र अड्चनविनै चार सांसद्लाई सनाखत गर्नबाट वञ्चित गराएको जस्ता क्रियाकलाप 'सामान्य' छैनन्। यति हुँदाहुँदै पनि ओली सत्ताच्युत भइसकेको पछिल्लो सन्दर्भमा भने महन्थ-उपेन्द्र समूहबीचको सनाखत र आधिकारिकता विवाद निरूपण तथा माधव नेपालहरूको पार्टी दर्तासम्बन्धी व्यवहारमा आयोगले दर्शाएको तदारुकता भने संवैधानिक आयोगको भूमिका पूरा गर्ने हिसाबले सन्तोषप्रद् नै देखिन्छन्।

यिनै घटना-सन्दर्भको परिप्रेक्ष्यमा ओली समूह अर्थात् एमालेले लिएका पछिल्ला निर्णय, अध्यक्ष ओलीसहित उनी पक्षधर नेताहरूले दिएका अभिव्यक्ति र गरेका क्रियाकलाप लोकतान्त्रिक मूल्य-मान्यता, संविधान-कानुन र न्यूनतम राजनीतिक आचरण अनुकूल छैनन्। एक्काईसौं शताब्दीको चेतना र सभ्य समाजले ओली र एमालेका पछिल्ला अभिव्यक्ति र व्यवहारलाई स्वाभाविक किमार्थ मानेको छैन। पार्टी, राज्यसत्ता र राज्य संयन्त्रहरू ओली र उनको समूहका बपौती हुन् र तिनले जे-जस्ता उपद्रो गरे पनि मान्यता दिनु र छाप लगाइदिनु नै 'कम्युनिस्ट कर्म, लोकतन्त्र र समाजवाद हो' भनेजस्तो दादागिरीयुक्त मूढाग्रहबाट प्रेरित र परिचालित छन् एमालेका अभिव्यक्ति र व्यवहारहरू।

आफ्नै व्यभिचार, अत्याचार र अयोग्यताका कारण पार्टी फुटिसकेपछि, भिन्न मत राख्नेहरू बेग्लै पार्टी बनाएर अलग बाटो लागिसकेपछि र संविधानअनकूल कानुनी बन्दोबस्त मिलाएर राजनीतिले अर्कै कोर्ष लिइसकेपछि समेत ओली र उनको समूहले हिजोकै सपनामा रम्ने दुष्प्रयत्न जारी राख्नु स्वयम् उनीहरूकै निम्ति घातकसिद्ध हुने निश्चित छ। अझै पनि १४ सांसद्माथिको 'कारबाही' को प्रसङ्ग उठाइरहनु, सभामुखमाथि अनर्गल आक्षेप र मुद्दा थोपर्नु, सर्वोच्च अदालत र त्यसका निर्णय/फैसलाहरूविरुद्ध निरन्तर आपत्तिजनक अभिव्यक्ति दिँदै त्यही अदालतमा 'न्याय' को भीख मागेर माधव नेपाल नेतृत्वको पार्टी, निर्वाचन आयोग र सभामुखविरुद्ध कथित मुद्धा दर्ता गराउनु 'ओली दादागिरी' कै पछिल्लो संस्करण मात्र हो।

आफ्नै खुट्टामा बन्चरो हानेर दुईतिहाइ बहुमत प्राप्त सरकारलाई क्रमशः सामान्य बहुमतमा झार्दै पटक-पटक अल्पमत सावित गराएर स्वयम् ओलीले नै अन्ततः अपदस्थ नै गराए। उनै खड्ग ओली बालुवाटारबाट विस्थापित भई बालकोट पुगेपछि माधवकुमार नेपालविरुद्ध असभ्य, अशिष्ट, अराजनीतिक र अभद्र किसिमले प्रस्तुत भए। त्यही क्रम अहिलेसम्म पनि जारी रहनु राष्ट्र र जनताका निम्ति मात्र होइन, स्वयम् एमालेकै निम्ति पनि घातक छ।

## संवैधानिक...

उक्त व्यवस्था समेत छलेर सुनुवाईविनै ती ५२ जनालाई सिधै नियुक्त गरेका थिए।

सो अध्यादेश पनि संविधानविपरीत भएको, संवैधानिक परिषद्को बैठक समेत कानुनवमोजिम नबसेको र निर्णयहरू एवम् नियुक्त पनि संविधान र कानुनविपरीत भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो। उक्त मुद्दाका विपक्षीहरूमध्येका एकजना प्रधानन्यायाधीश चोलेन्द्रशमशेर नै भएकाले उनैको अध्यक्षतामा गठन भएको संवैधानिक इजलासमा 'स्वार्थ बाझिएका कारण' सुनुवाई गर्न नमिल्ने अवस्था विद्यमान छ।

संविधानविद्, कानुनविद् र कानुन व्यवसायीहरूले यही प्रश्न उठाएपछि प्रधानन्यायाधीश जबरा 'स्वेच्छा' ले नै उक्त मुद्दाको प्रारम्भिक सुनुवाई र फैसलाका बेला संवैधानिक इजलासमा नबस्ने घोषणा गरेका थिए। तर, प्रधानन्यायाधीश जबराको उक्त 'निकास' विरुद्ध फेरि अर्को मुद्दा पर्‍यो। र, त्यसको सुनुवाई गर्दै सर्वोच्चले बिहीबार 'प्रधानन्यायाधीशविनाको संवैधानिक इजलासमा सुनुवाई नगर्नू' भन्ने आदेश दियो। उक्त आदेशले यो मुद्दा थप गिजोलिन पुगेको छ। र, मुद्दाको सुनुवाई एवम् सम्भावित फैसलाकै सन्दर्भमा 'यु-टर्न' हुन पुगेको छ।

## महाधिवेशनमा...

जिल्लामा खटिएका निर्वाचन प्रमुखहरूले पाएका छन्।

महाधिवेशनबाट नेतृत्व हत्याउन शीर्ष नेताहरूबीच चर्को दौडधुप, गुटबन्दी र चलखेल चलिरहेको छ। क्रियाशील सदस्यताको पेचिलो विवाद नेतृत्व हत्याउने विभिन्न गुटहरूका बीचको प्रतिस्पर्धाकै परिणाम हो। वर्तमान सभापति शेरबहादुर देउवाकै समूहबाट विमलेन्द्र निधिसहित केहीले सभापति पदमा उम्मेदवारी घोषणा गरिसकेका छन्। देउवाइतर समूहबाट रामचन्द्र पौडेल, प्रकाशमान सिंहलगायत आधा दर्जन नेताहरू सभापतिको दौडमा छन्। त्यस्तै, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला समूह पनि नेतृत्वको प्रतिस्पर्धामै छ। सो समूहका गगनकुमार थापाले महामन्त्री पदमा उम्मेदवारी घोषणा गरेका छन्। अघिल्लो महाधिवेशनमा पनि उनी सोही पदमा प्रतिस्पर्धा गरेर पराजित भएका थिए।

यो महाधिवेशनबाट जसरी भए पनि नेतृत्व परिवर्तन गर्ने र देउवालाई पन्छाइछाड्ने दावी गरिरहेको संस्थापन इतर समूहबाट आधा दर्जन नेता सभापतिको आकाङ्क्षी रहेपछि देउवाले राहतको महशुस गर्न सक्दथे। तर, उनकै विश्वासपात्र र निकटतम सहयोगी विमलेन्द्र निधिले नै सबैभन्दा पहिले सभापति पदमा उम्मेदवारी घोषणा गरेर कुनै हालतमा पछि नहट्ने अड्डी कसिरहेपछि सभापति देउवा रन्थनिन पुगेका छन्। झन् 'भ्यागुताको धार्नी' पुर्‍याएर गठबन्धन सरकारको नेतृत्व गरिरहेका देउवा एकातिर आफू प्रधानमन्त्री बनेको ५० दिन नाघिसक्दा समेत मन्त्रिमण्डललाई पूर्णता दिन नसकेर भुमरीमा फसेका छन् भने अर्कातिर पार्टी महाधिवेशनबाट नेतृत्व गुमाउनुपर्ने अवस्था निम्तने हो कि भन्ने छटपटीमा परेका छन्।

यसै माहोलबीच बिहीबार देउवाइतर समूहका सभापतिका आकाङ्क्षी सबै नेताले संयुक्त पत्रकार सम्मेलन गरेर एक मात्र साझा उम्मेदवार तय गरिने प्रतिबद्धता जनाए। सिटौला समूहमा रहँदै आएका गगनकुमार थापा एकाएक पौडेलगायका तुलनात्मकरूपले फराकिलो समूहको सोही कार्यक्रममा उपस्थित भएर आफूलाई महामन्त्री पदको शक्तिशाली उम्मेदवारका रूपमा प्रस्तुत गरेका छन्। उक्त पत्रकार सम्मेलनमा नेता सिटौला भने अनुपस्थित रहे। यसरी अब भने काङ्ग्रेस महाधिवेशनले माहोल तताउँदै गएको छ। पटक-पटक पार्टी र राज्यसत्ताको नेतृत्व समालिसकेका देउवा क्रमशः पछि धकेलिने सङ्केत देखा परेको छ। गठबन्धन सरकारलाई सफल गराएर ओली प्रतिगमनलाई व्यावहारिकरूपले परास्त गर्न सके त्यसपछि राजनीतिबाट विश्राम नै लिए पनि देउवाले पाइसकेका अवसरहरू र उमेरजन्य बाध्यता दुवैको सम्मान हुने देखिन्छ।

# प्रदेशसभाहरूमा एकीकृत समाजवादीमा उत्साहजनक सनाखत

## सबै प्रदेश सरकार गुमाउँदै एमाले : कुन प्रदेशमा माधव नेपालका सांसद् कति ?

***काठमाडौं, १७ भदौ।*** *एमालेबाट 'विद्रोह' गरी नयाँ दलका रूपमा नेकपा (एकीकृत समाजवादी) गठन गर्दा अध्यक्ष माधवकुमार नेपाल र वरिष्ठ नेता झलनाथ खनालगायतले केन्द्रमा उत्साहजनक साथ पाएनन्। तर, प्रदेशसभा सदस्य र स्थानीय तहका पदाधिकारीहरूले पार्टी रोज्ने अवधि घर्कंदा जाँदा भने नेपाल-खनाल नेतृत्वको नयाँ दलका पक्षमा उत्साहजनक सहभागिता देखिन थालेको छ।*


*प्रदेशसभा सदस्यहरूको कित्ताकाट हुँदै जाँदा मुलुकका सातै प्रदेशबाट एमाले बढारिने अवस्था सिर्जना भएको छ। प्रदेश- १ र वागमतीका प्रदेशसभा सदस्यहरूको प्रारम्भिक सनाखत भएसँगै भर्खरै मुख्यमन्त्री नियुक्त भएका भीमप्रसाद आचार्य र अष्टलक्ष्मी शाक्य दुवैजना स्पष्ट अल्पमतमा परिसकेका छन्। अब देशभर कुनै पनि प्रदेशमा एमालेको एकल बहुमत बाँकी छैन। सर्वोच्चको 'आदेश' ले नेकपाको एकता भङ्ग भई पूर्ववत् एमाले र माओवादी केन्द्र 'ब्युँतँदा सुरुमा केन्द्रीय पदाधिकारीहरूको दुईतिहाइ हिस्सा खनाल-नेपाल नेतृत्वको 'विद्रोही' पक्षमा थिए। केन्द्रीय कमिटीमा पनि पचास प्रतिशत हाराहारी सदस्य थिए। एमाले विभाजन भएको अवस्थामा दुवैतिर आधा-आधा शक्ति कायम रहेने अवस्था थियो। अध्यक्ष खड्गप्रसाद ओलीले 'खनाल-नेपालबाहेकको अधिकतम एकता' को नीति अवलम्बन गरिरहेका थिए। अन्ततः 'दसबुँदे सहमति' को बर्को ओढेर भीम रावल, अष्टलक्ष्मी शाक्य, भीम आचार्य, घनश्याम भुसाल, योगेश भट्टराई, गोकर्ण विष्ट, रघुजी पन्तलगायत दस जना माधव नेपालका 'हस्ती' हरूले अन्ततः ओलीको सोही 'नीति' लाई साथ दिए; खनाल-नेपाल पक्षलाई 'एक्ल्याए'।*

*स्थायी कमिटी दस नेताबाहेक प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरू एवम् केन्द्रीय सदस्यहरूबाट भने खनाल-नेपाल पक्षले अपेक्षित साथ पायो। यद्यपि केन्द्रमा झण्डै-झण्डै निराशाजनक शक्तिका साथ विभाजित भई बनेको नेकपा (एकीकृत समाजवादी) ले अध्यादेशवमोजिम प्रदेशसभा र स्थानीय तहका पदाधिकारीहरूले 'दल रोज्ने' क्रम अघि बढेसँगै फेरि उत्साहजनक परिणाम प्राप्त गरिरहेको छ।*

*यी पङ्क्ति लेखिँदासम्म प्रदेश- १ का ५१ जना एमाले सांसद्मध्ये १० जना, प्रदेश- २ का २१ जना एमाले सांसद्मध्ये १० जना, बागमती प्रदेशका ५६ जना एमाले सांसद्मध्ये १२ जना, सुदूरपश्चिम प्रदेशका २५ जना एमाले सांसद्मध्ये १३ जना (३ जनाको प्राविधिक कारणले सनाखत बाँकी) र कर्णाली प्रदेशका १६ जना एमाले सांसद् (यीबाहेक ४ जना यसअघि पदमुक्त भइसकेका) मध्ये ३ जनाले एमाले परित्याग गरेर एकीकृत समाजवादीका पक्षमा सनाखत गरिसकेका छन्। दलसम्बन्धी ऐन संशोधन अध्यादेशवमोजिम नयाँ पार्टी रोज्न पाउने समय २२ भदौसम्म कायमै छ।*

कोरोनाविरूद्धको खोपको पखाईमा रहेका नागरिकहरूलाई खोप केन्द्रसम्म पुर्‍याउन सहयोग गरौं। खोप केन्द्रमा भीडभाड नगरौं। खोप लगाऔं, कोरोनाबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय




प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं